


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

तराई, पहाड, हिमाल साक्षर बनाऔं नेपाल

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❑ वर्ष २२ ❑ अङ्क ४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ फागुन १४ गते शुक्रबार ❑ 26 Feb. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## सर्वोच्च अदालतले धर्म निर्वाह गरेको छ : पूर्वराष्ट्रपति डा. यादव

**रासस**
**काठमाडौं, १३ फागुन**

पूर्वराष्ट्रपति डा रामवरण यादवले संविधान र लोकतन्त्र रक्षाका लागि सर्वोच्च अदालतले आफ्नो धर्म निर्वाह गरेको बताएका छन् । उनले लोकतन्त्र रक्षा गरी संविधान कार्यान्वयनका लागि अदालत र निर्वाचन आयोग निष्पक्ष हुनुपर्ने बताए।

नेपाली कांग्रेस जिल्ला कार्यसमिति धनुषाले जनकपुरमा बिहीबार आयोजना गरेको महेन्द्रनारायण निधिको ९९औं जन्मजयन्ती समारोहलाई सम्बोधन गर्दै पूर्वराष्ट्रपति डा यादवले भने, "संसद् विघटन बदर गर्ने सर्वोच्च अदालतको फैसलाले संविधान मजबुत बनाएको छ। अब लोकतन्त्र रहेसम्म कसैले पनि पाँच वर्षसम्म संसद् भङ्ग गर्न सक्दैन। म संविधानलाई बचाउने अदालतलाई धन्यवाद तथा फैसलाको लागि सम्मान गर्न चाहन्छु।"



डा. यादवले अदालतको फैसलाले लोकतन्त्रमा विश्वास गर्नेलाई खुशी दिएको बताउँदै उनले भने, "लोकतन्त्र, गणतन्त्र, सङ्घीयतामा विश्वास गर्ने, समावेशितामा विश्वास गर्ने खुशी भएका छन् ।" उनले संविधान जारी गर्दाको समयको स्मरण गर्दै भने, "मैले संविधान जारी गर्दा देशका सबै नागरिक खुशी होउन् भन्ने चाहेको थिएँ तर त्यतिबेला मधेशवादी दल छाडेर तत्कालीन नेकपा (एमाले), कांग्रेस, माओवादी सबै गरी ९० प्रतिशतको सहभागिता थियो र त्यसैलाई शिरोधार्य गर्दै अगाडि बढ्दै संविधान जारी गरेँ।"

त्यसबेला मधेशी दलले संविधानप्रति आपति जनाए पनि यही संविधानअनुसार भएको निर्वाचनमा मधेशी दललेसमेत सहभागिता जनाएर भाग लिएपछि आफूले ठिकै गरेको अनुभूति भएको डा यादवले बताए । उनले भने, "मधेशी दल पनि सरकारमा गयो । चुनाव भयो र अगाडि बढिरहेको छ ।" पूर्वराष्ट्रपति डा. यादवले भारतमा संविधान घोषणा हुन लाग्दा भीमराव अम्बेडकरले संविधान राम्रो र खराब नहुने तथा अगुवा ठिक रहे संविधान राम्रै बाटोबाट जाने भनी दिएको अभिव्यक्तिको स्मरण गर्दै भारतको संविधान १२२ पटक संशोधन भएको र अमेरिकामा २२ पटक संशोधन भइसकेको उदाहरणसमेत दिए । पूर्वराष्ट्रपति डा. यादवले राजनीति दल विधि र प्रक्रियाअनुसार नलेको हुँदा चिरा परेकाले मुलुकमा समस्या आएको बताए । उनले आर्थिक अनुशासन कुनै पनि दलमा नभएको बताउँदै विधानअनुसार पार्टी नचले, नेता, कार्यकर्ताको आचरण ठिक नभए लोकतन्त्र खतरामा पर्ने बताए । डा. यादवले भने, "अहिले सबै पार्टीको यही हालत छ। लोकतन्त्रका बारेमा पढ्नुस् । बुझ्नुस् र आफूलाई लोकतान्त्रिक आचरणमा ढाल्नुस् ।"

डा. यादवले नेपालको राजनीति दलमा आर्थिक अनुशासनसमेत नभएको आरोप लगाए।

## 'युरोरडिस फोटो अवार्ड'मा नेपाललाई दोस्रो स्थान

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

'युरोरडिस फोटो अवार्ड २०२१' मा नेपालले दोस्रो स्थान गर्न सफल भएको छ।

दुर्लभ रोग लागेर जीवन बिताउनबाध्य व्यक्तिको जीवन शैलीलाई उजागार गर्ने लक्ष्यका साथ आयोजित अन्तरर्राष्ट्रिय फोटो प्रतियोगितामा पोखराका खिमकाजी लामिछाने दोस्रो भएका हुन् । गएराति बेल्जियमको ब्रसेल्समा भएको अन्तिम प्रतियोगितामा उनले दोस्रो स्थान हासिल गरेका हुन् । विभिन्न ३० मुलुकका चार सय भन्दा बढी फोटोपत्रकारले खिच्नु भएका दुई हजार ७३ फोटो प्रतियोगितामा समावेश भएको जनाइएको छ । प्रतियोगितामा स्लोभाकिया प्रथम र आइसल्याण्ड तृतीय भएका थिए।

सजिलै हाड भाँचिने रोग (ओस्टियो नेनेसिस इम्पेर्फेक्टा–ओआई) बाट पीडित आफ्नै छोरा अनिमेसलाई दुर्गा केसी ह्विलचियरका सहायताले विद्यालय पुऱ्याउँदै गरेको फोटो छामिछानेले प्रतियोगिताका लागि पठाएका थिए। एघार वर्षीय छोरा अनिमेसको अहिलेसम्म ४० पटक हाड भाँच्चिसकेको बताइएको छ। ओआईबाट ग्रसित भई हिँड्डुल गर्न नसके पनि पढ्ने इच्छालाई रोक्न नसक्ने सन्देश लामिछानेले कैद गर्नुभएको फोटोले दिएको थियो।

फोटोमाध्यमबाट नेपाललाई विश्वसामु परिचित गराउन सफल भएकोमा लामिछानेले खुशी व्यक्त गर्दै भने, "सफलताका लागि सहयोग गर्नुहुने सम्पूर्णलाई आभाव व्यक्त गर्दछु।" फोटोका माध्यमबाट ओआई रोगको बारेमा स्वदेश र विदेशमा जनचेतना अभिवृद्धि गर्न आफ्नो लागि महत्वपूर्ण उपलब्धि भएको उनले बताए।

## कांग्रेसले संसद् बैठकपछि मात्र सत्ता समीकरणबारे निर्णय लिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

नेपाली कांग्रेसले प्रतिनिधिसभाको पुनःस्थापनापछि बस्ने संसद् बैठक र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आगामी गतिविधिपछि मात्र सत्ता समीकरणबारे निर्णय लिने जनाएको छ।

सभापति सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा आज सम्पन्न पार्टीको पदाधिकारी बैठकले संसद् बैठकपछि निर्माण हुने परिस्थितिअनुसार निर्णय लिनुपर्ने निष्कर्ष निकालेको हो । बैठकले अहिले नै हतारिए कसैलाई समर्थन गर्न नहुने निष्कर्ष निकालेको सहमहामन्त्री डा प्रकाशशरण महतले जानकारी दिए । नेता महतले भने, "नेकपा कसरी अघि बढ्छ भनेर अहिले परिपक्व स्थिति बनेको छैन् । अहिले पनि नेकपा एउटै छ । नेकपाको संसदीय दलको नेता केपी शर्मा ओली हुनुहुन्छ, यो अवस्थामा उहाँहरुको पार्टी भोलि कसरी अघि बढ्छ । एकै रहन्छ वा अर्को परिस्थिति आउँछ भन्ने विषय कांग्रेसको नियन्त्रणभित्रको कुरा होइन ।" कांग्रेसलाई विभिन्न दलबाट सरकारको नेतृत्वको प्रस्ताव आएको छ नि भन्ने प्रश्न उहाँले अहिले त्यसको कुनै अर्थ नरहेको जवाफ दिए। प्रतिनिधिसभा विघटनको निर्णय बदर गर्ने सर्वोच्च अदालतको फैसलाले संविधान र संसदीय प्रणालीलाई बचाएको वरिष्ठ नेता रामचन्द्र पौडेलले बताए। बैठकमा सभापति देउवाले नेकपाको दुबै पक्षबाट सहकार्यको प्रस्ताव आएको भन्दै राय मागेका थिए । जनताले पनि प्रतिपक्षमा बस्ने म्याण्डेट दिएको भन्दै नेताहरुले सरकारमा जान हतार गर्न नहुने बताएका छन्।

नेकपा विभाजन भएर सरकार बन्नै नसक्ने अवस्था आए मात्र यसबारे पार्टीमा छलफल गर्नु उपयुक्त हुने नेताहरुले बताएका छन् । 'संसदीय प्रक्रिया केही सुरु भएको छैन । यो अगाडि नबढी कांग्रेसले गर्ने भूमिका खासै केही छैन' बैठकपछि नेता पौडेलले भनेका छन्।

नेकपाको विवाद अन्तिम टुंगो नलागेसम्म कांग्रेस कसैको पक्ष वा विपक्षमा उभिन नसक्ने आफूहरुको निष्कर्ष भएको नेता अर्जुननरसिंह केसीले बताए। सर्वोच्च अदालतले मङ्गलबार प्रतिनिधिसभा विघट्न सम्बन्धमा परेका विभिन्न रिटको सुनवाइ गर्दै पुनःस्थापना गर्ने फैसला गरेपछि नयाँ राजनीतिक परिस्थिति सम्बन्धमा छलफल गर्न कांग्रेसले पदाधिकारी बैठक बोलाएको हो।

## न्याय सम्पादनमा असर पर्ने गरी अभिव्यक्ति छैन : पूर्वसभामुख ढुङ्गाना

**रासस**
**काठमाडौं, १३ फागुन**

अदालतको अवहेलनासम्बन्धी मुद्दामा पूर्वसभामुख दमननाथ ढुङ्गानाले आफूले न्यायसम्पादनमा असर पर्ने गरी अभिव्यक्ति नदिएको बताए।

सर्वोच्च अदालतमा बिहीबारउपस्थित भएर उनले बुझाएको लिखित जवाफमा प्रतिनिधिसभा विघटनका विषयमा आफूले स्वतन्त्र अभिव्यक्ति दिएको तर अदालतको न्यायसम्पादनमा कुनै पनि दबाब र अवरोध नगरेको उल्लेख छ।

"सम्मानित न्यायलय राष्ट्रको एकमात्र गैर राजनीतिक, तटस्थ तथा विवेकी सर्वोच्च संस्थाका हैसियतमा आफ्नो विशिष्ट मौलिक पक्ष वा चरित्रका बारेमा पनि सविश्वास खुला शब्दमा दह्रो किसिमले बोलोस् भन्ने यस किसिमको मनासिव उपेक्षा पनि सादर निवेदन गर्दछु ।" अधिवक्ता राजाराम घिमिरेले प्रतिनिधिसभा विघटनसम्बन्धी विषयमा अदालतको विचारधीन मुद्दामा प्रभाव पार्नेगरी अभिव्यक्ति दिएको उल्लेख गर्दै अदालतको अवहेलनामा ढुङ्गानाविरुद्ध मुद्दा दायर गरेका थिए।

न्यायाधीश डा मनोजकुमार शर्माको एकल इजलासले गत माघ १५ गते सात दिनभित्र लिखित जवाफसहित आफैं उपस्थित हुन आदेश जारी गरेको थियो । सो आदेशअनुसार पूर्वसभामुख ढुङ्गानाले सचेत नागरिकका रूपमा आफूले अभिव्यक्ति दिएको र त्यसले अदालतको अवहेलना नहुने हुँदा जवाफ दिँदै मुद्दा खारेज गर्न माग गरेका छन् । यसअघि उक्त विवादमा प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानन्यायाधीश मीनबहादुर रायमाझी, अनुपराज शर्मा, कल्याण श्रेष्ठ र सुशीला कार्की स्वयम उपस्थित भएर लिखित जवाफ पेश गरिसक्नुभएको छ । प्रतिनिधिसभा विघटनको विषयको विवाद अन्त्य भइसकेको छ।

## नेकपा–आधिकारिताको फैसला फागुन २० मा

**रासस**
**काठमाडौं, १३ फागुन**

सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी नामको दल कसको भन्ने विवादको निर्णय यही फागुन २० गते दिने भएको छ। न्यायाधीश बमकुमार श्रेष्ठ र कुमार रेग्मीको इजलासमा बिहीबार नेपाल कम्युनिष्ट पाटी (नेकपा) ले आफ्नो पार्टीसँग नाम जुधाएको विवादमा नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषिराम कट्टेलले दायर गरेको रिट निवेदनको सुनुवाइ सकिएपछि फैसला सुनाउने मिति तोकिएको हो।

नेकपाका अध्यक्ष कट्टेलले निर्वाचन आयोगमा २०६९ मा नेकपाका नाममा आफूले दल दर्ता

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## फुटपाथ, पार्किङ तथा बजार व्यवस्थापनबारे पोउवा संघको सुझाव महानगरलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

पोखरा उद्योग वाणिज्य संघले पोखरा महानगरपालिकालाई फुटपाथ, पार्किङ तथा बजार व्यवस्थापनबारे सुझावसहित ज्ञापनपत्र बुझाएको छ।

संघका वाणिज्य उपाध्यक्ष तथा फुटपाथ, पार्किङ तथा बजार व्यवस्थापन उपसमितिका संयोजक अर्जुन पोखरेलको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले बिहीबार महानगरका मेयर मानबहादुर जिसीलाई ज्ञापनपत्र बुझाएको हो । प्रतिनिधिमण्डलमा संघका महासचिव सुरेन्द्रमान बिजुक्छे, कोषाध्यक्ष बलराम आचार्य, उपमहासचिव केशवबहादुर खत्री, कार्यसमिति सदस्यहरु शोभा गौतम, देवेन्द्र केसी, मुना बास्तोला, उत्तममान बुद्धाचार्य, सुदीप प्रधानाङ्ग, भरत केसी, पवित्रादेवी गुरुङ, बालकृष्ण कोइराला, यमनाथ तिमिल्सिना र रुपनारायण भुजेलको सहभागिता रहेको थियो। संघले सोही सुझाव तथा ज्ञापनपत्र कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकाल र कास्की प्रहरी प्रमुख एसपी जीवनकुमार श्रेष्ठलाई बाधार्थको रुपमा हस्तान्तरण गरिएको छ।



ज्ञापनपत्र बुझ्दै पोखरा महामनगरपालिकाका मेयर मानबहादुर जिसीले पार्किङको जिम्मा लिने कम्पनीको कामप्रति महानगर सन्तुष्ट नरहेको बताए । आफूलाई पार्किङ व्यवस्था नै मन नपरेको बताउँदै आउँदो आर्थिक वर्षमा ठेक्का सम्झौता नविकरण गर्ने/नगर्नेबारे निर्णय गरिने बताए। बिदाको दिन, रातको समयमा र तोकिएका ठाउँबाहेक अन्यन्त्र पार्किङ शुल्क लिन नहुनेमा उनले सहमति जनाए।

उद्योगी/व्यवसायीले पोखरालाई सुन्दर र व्यवस्थित बनाउन दिएको सुझाव स्वागतयोग्य रहेको बताउँदै मेयर जिसीले अध्ययनपछि कार्यान्वन सुरु गरिने आश्वासन दिए । १८ बुँदे सुझावलाई ज्ञापनपत्रको रुपमा बुझाउँदै पोखरा उद्योग वाणिज्य संघका उपाध्यक्ष अर्जुन पोखरेलले पोखरा उद्योग वाणिज्य संघले सर्वसाधारण र व्यवसायीको हितका लागि सुझावहरु दिएको जानकारी गराए । उनले संघ पोखराको व्यापार साझेदार पनि भएको स्मरण गर्दै पोखरा बिग्रँदाको दोषबाट महानगर मुक्त हुन पनि सुझाए। संघले बुझाएको सुझावमा सम्झौता नभएका ठाउँमा पार्किङ शुल्क उठाउन तत्काल बन्द गर्नुपर्ने, सडक सवारी साधन गुड्न र फुटपाथ मान्छे हिँड्न मात्र प्रयोग हुनुपर्ने, वैकल्पिक पार्किङको व्यवस्था गरिनुपर्ने र त्यस्तोमा मनासिव शुल्क लिनुपर्ने, अर्को व्यवस्था नभइञ्जेलसम्म सडकमा पार्किङ गर्दा पनि एकातिर गाडी र अर्कोतिर मोटरसाइकल राखिनुपर्ने, पार्किङ शुल्क घटाउनुपर्ने, नगर क्षेत्रका घरहरुको अण्डरग्राउण्ड पार्किङस्थल सोही प्रयोजनमा लगाउनुपर्ने, पार्किङ एप्स निर्माण गरी सोही एप्समार्फत् ट्राफिक र पार्किङबारे जानकारी गराउनुपर्ने, पार्किङ ठेक्का दिने कार्य नियमसंगत नभएकाले अन्त्य गर्नुपर्ने, पार्किङ शुल्क उठाउँदा बालश्रमको प्रयोग तत्काल रोकिनुपर्नेलगायतका विषय समेटिएका छन्।

संघले उद्योगी/व्यवसायीहरुसँग विभिन्न चरणमा सुझाव संकलन गरी एकमुष्ठ रुपले साझा सुझाव महानगरलाई बुझाएको हो । बोधार्थपत्र बुझ्दै कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले बजार अनुगमन अनि जनता र व्यवसायीको हितको लागि प्रशासन सदैव तयार रहेको बताए । कास्कीका प्रहरी प्रमुख एसपी जीवनकुमार श्रेष्ठले तोकिएको क्षेत्रबाहेक अन्यत्र, बिदाको दिन र रातमा पार्किङ शुल्क उठाउने काम रोकिने बताए।



# आँधिमूल, छिम्केश्वरीको पर्यटन प्रवर्द्धनमा सञ्चारमाध्यमको साथ

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ(फोनिज) गण्डकी प्रदेशद्वारा बुधबार तनहुँको पर्यटकीयस्थल आँधिमूलमा आयोजित आँबुखैरेनी गाउँपालिकाको पर्यटन प्रवर्द्धनमा सञ्चारको भूमिका विषयक अन्तरक्रियामा प्रवर्द्धनको महत्वपूर्ण माध्यम सञ्चार नै भएकामा जोड दिइएको छ।

कुनै पनि पर्यटकीयस्थलको प्रवर्द्धनका लागि त्यहाँका वास्तविकतालाई जनसमक्ष पुर्‍याउने महत्वपूर्ण माध्यम सञ्चार भएको जनाउँदै वक्ताले प्रकृति र संस्कृतिको संरक्षण गर्दै त्यसको उजागर गर्नुपर्ने बताए। गण्डकी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री हरिबहादुर चुमानले पर्यटन प्रवर्द्धनमा गण्डकी प्रदेश सरकारले जोड दिएको बताउँदै आँबुखैरेनी गाउँपालिकाका आँधिमूल, छिम्केश्वरीलगायत पर्यटकीयस्थलको प्रवर्द्धन आवश्यक भएको बताए। पर्यटन प्रवर्द्धनमा सञ्चारको भूमिका विषयक कार्यपत्र प्रस्तुत गर्दै राष्ट्रिय समाचार समिति(रासस)का कार्यकारी सम्पादक सूर्यचन्द्र बस्नेतले पर्यटन र पत्रकारिताबीच निकट सम्बन्ध भएको जनाउँदै कुनै पर्यटकीयस्थलको समाचार सम्प्रेषण गर्दा त्यसको पृष्ठभूमिका साथै आवश्यक पर्ने तथ्य समेट्नुपर्ने तथा सञ्चारकर्मी नियमित रुपमा अद्यावधिक हुनाका साथै सूचनास्रोतबारे जानकार बन्नुपर्ने बताए।

आँबुखैरेनी गाउँपालिकाका प्रमुख गिरबहादुर थापाले गण्डकी प्रदेशको मुख्य प्रवेशद्वार आँबुखैरेनीलगायतको उजागरका लागि सञ्चारकर्मीको साथ र सहयोग आवश्यक रहेको बताए। राससका प्रमुख समाचारदाता राजु शाक्यले प्रत्येक पर्यटकीयस्थलको प्रवर्द्धनका लागि ऐतिहासिक एवम् सांस्कृतिक पक्षलाई सँगसँगै ल्याउनुपर्ने तथा समयसापेक्ष रुपमा प्रविधिलाई आत्मसात् गर्दै अघि बढ्नुपर्नेमा जोड दिए।

फोनिज गण्डकी प्रदेशका अध्यक्ष एमबी आस्थाले आँबुखैरेनीको पर्यटकीय सम्भावनाको उजागरका लागि फोनिज गण्डकी प्रदेशका तर्फबाट साथ र सहयोग दिइने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा पर्यटनविज्ञ हरिसिंह गुरुङ, फोनिज गण्डकी प्रदेशका इन्चार्ज हुमबहादुर तमु, महासचिव रुद्र श्रीस, आँबुखैरेनी गाउँपालिकाका उपप्रमुख पुष्पादेवी श्रेष्ठ, प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेल, वडा नं १ का वडाध्यक्ष किसन थापालगायतले आँधिमूलसहित गाउँपालिकाका पर्यटकीयस्थलले धेरै सम्भावना बोकेको बताउँदै त्यसको उजागरका लागि सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण हुनेमा जोड दिए।

# शहरी स्वास्थ्य सेवा केन्द्र -१० लाई सुगर जाँच्ने सामाग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**




टोल टोलमा रेडक्रस भन्ने नारा तथा सेवा नै धर्म हो भन्ने मुल मन्त्रका साथ २०५० सालमा स्थापना गरिएको नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाले मानविय सेवाका कार्यमा लागि परी आपत बिपतमा समेत सेवा प्रदान गर्दै आईरहेको अबस्थामा नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाको भवनमा ३ वर्ष पहिले स्थापना गरिएको शहरी स्वास्थ्य सेवा केन्द्र वडा नं १० मा पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाद्धारा संचालित शहरी स्वास्थ्य सेवा केन्द्रमा नेपाल सरकार स्वास्थ्य मन्त्रालय बाट उपलब्ध ३५ परिकारका औषधी निशुल्क बितरण गर्दै आईरहेकोमा हाल उक्त सेवासंगसंगै परिवार नियोजनका सम्पूर्णसाधन,गर्भवतीमहिलाहरूको जाँच, गर्भवती महिला र सुत्केरीलाई आबश्यक औषधी निशुल्क, ३ दिने, ७ दिने र ४२ दिने बच्चा र सुत्केरी महिलालाई ३ पटक सम्म घरमै जाच र आवश्यक परामर्शको ब्यबस्था, जन्मेको बाल बालिकाहरु लाई खोप लगाउने कार्य, बाल बालिकाहरुको चेक जाँच र तौल जोख्ने, टि भी रोगका औषधि र खकार जाच, कोभिड-१९ र डेङ्गो लगायतका अन्य रोग सम्बन्धी परामर्शको ब्यबस्थापन गरि संचालन गरिएको उक्त शहरी स्वास्थ्य सेवा केन्द्रमा अब सुगरका बिरामीहरुको सहयोगका लागि सहुलियत दरमा सुगर चेक जाच गर्न वडा नं-१० का वडा सदस्य एवम नेपाल रेडक्रस सोसाइटी पोखरा-१० का सभापति सम्मर बहादुर श्रेष्ठले आफुले पाएको भत्ताको केहि प्रतिशत मानबिय सेवामा सहयोग गर्ने उदेश्य राखी १ सय जनालाई पुग्ने सुगर चेक जाच गर्ने मेसिन सुई र सुगर जाच गर्ने स्ट्रिप्स शहरीस्वास्थ्य सेवा केन्द्र वडा नं १० का प्रमुख समुद्र केसी लाई हस्तान्तरण गरिएको कार्यक्रममा अन्य उपचार औषधी समेत थप्दै जाने निर्णय गरि संचालन गर्ने र सरकार द्वारा सहयोग प्राप्त औषधी भन्दा अन्य औषधी र उपचारमा सामान्य रकम लिई उपचार गराउने उदेश्य राखि संचालन गर्न लागिएको वडा सदस्य एवं उपशाखाका सभापति सम्मर बहादुर श्रेष्ठले बताए।

सुगर जाच गर्ने सामाग्री हस्तान्तरण कार्यक्रम संगसंगै पहिलो सुगर परिक्षण गर्दै वडा सदस्य दिपक बहादुर थापाले सुगर परिक्षणको शुभारम्भ गर्नुहुदै यस्ता कार्यक्रमले वडाबासीहरूले सहुलियत दरमा औषधी र उपचार गराउनमा मद्दत पुग्ने बताउनु हुदै सहयोगी दाता लाई धन्यबाद दिनु हुदै यस्ता कार्यक्रमलाई सहयोग गर्न वडा बाट योजना बद्ध तरिकाले बजेट छुट्याउन पहल गरि वडा बासीहरुलाई सेवा प्रदान गर्न लागिपर्ने बताए। कार्यक्रममा शहरी स्वास्थ्य सेवा केन्द्र वडा नं-१० का कार्यालय प्रमुख एच. ए. समुन्द्र केसी ले यस स्वास्थ्य केन्द्र बाट वडाबासीहरुलाई सकेसम्मको सेवा दिन लागिपरेको बताउनु हुदै ३५ थरीका औषधीहरू निःशुल्क प्रदान गर्दै आईरहेको अबस्थामा हाल गर्भवती जाँचमा २५, बाफ लिनेमा १० र सुगर जाचमा ३५ लिई नया सेवा संचालन गरिएको बताउनु भयो। उक्त कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी पोखरा -१० उपशाखाका उप सभापति जीबन श्रेष्ठ, शहरी स्वास्थ्य सेवा केन्द्र वडा नं -१० का स्टाफ नर्स मुना रेग्मी गौतम, भगवती आचार्य र समाज सेवी हिरा देबी श्रेष्ठ लगायतका स्वास्थ्य कर्मीहरूले महिलाहरूमा हुन सक्ने जोखिमपूर्ण बिरामीको उपचार र किशोर किशोरीहरूको समस्या समाधान गर्न लागी पर्नुपर्ने बताए।

वडा नं १० का वडा सदस्य एवं नेपाल रेडक्रस सोसाइटी पोखरा-१० उपशाखाका सभापति सम्मर बहादुर श्रेष्ठ सभापतित्वमा सम्पन्न सुगर चेक जाच सामाग्री हस्तान्तरण कार्यक्रममा उपशाखा-१० का सचिव सूर्य बहादुर बानियाले संचालन गरेका थिए।

# लालबहादुर-चण्डेश्वरी ढेवाजु स्मृति संगीत पुरस्कार अभिनेत्री मिथिलालाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**



संगीत प्रशिक्षण केन्द्र पोखराद्वारा संचालित लालबहादुर चण्डेश्वरी ढेवाजू स्मृति संगीत पुरस्कार २०७६ बाट नेपाली नृत्य क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनु भए वापत प्रसिद्ध नृत्यकलाकार तथा अभिनेत्री मिथिला शर्मालाई प्रदान गरिने भएको छ।

केन्द्रको बुधबार बसेको बैठकको निर्णयबाट प्रत्येक २/२ वर्षको अन्तरालमा प्रदान गरिने उक्त पुरस्कारबाट यस वर्ष नृत्य कलाकार तथा अभिनेत्री मिथिला शर्मालाई प्रदान गर्ने निर्णय गरेको हो। केन्द्रका संस्थापक अध्यक्ष स्व.लालबहादुर ढेवाजुको स्मृतिमा वहाँकी धर्मपत्नी चण्डेश्वरी ढेवाजूले २०५५ सालमा एक अक्षयकोष खडा गरी लालबहादुर ढेवाजु स्मृति संगीत पुरस्कार संचालन गर्ने जिम्मेवारी केन्द्रलाई प्रदान गर्नुभएकोमा पछि उनको पनि निधन भएपछि २०६९ सालमा उनका छोरीहरुले आफ्ना माता पिताको नामबाट पुरस्कार वितरण गर्न थालिएको थियो।

यस पुरस्कारबाट नेपाली संगीतका शिखर पुरुष स्व.अम्बर गुरुङ, सुप्रसिद्ध गायक तथा संगीतकार दिप श्रेष्ठ, संगीतकार रन्जित गजमेर स्व. सरोजगोपाल, स्व.कल्याण शेरचन, बाबा राणा, अमृत गुरुङ, रामभक्त जोजिजु, स्व.धनबहादुर गायक तथा श्यामलाल श्रेष्ठ सम्मानित भइसकेका छन्। हाल यस पुरस्कारको राशी १ लाख, दोसल्ला र सम्मानपत्र रहेको छ।

उक्त पुरस्कार यही फागुन २७ गते एक समारोहका बिच नेपाली नृत्य क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याउनु भए वापत मिथिला शर्मालाई प्रदान गरिने अध्यक्ष गौतम विजुक्छेले जानकारी दिए।

# नेकपा..

गरेको तर तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच २०७५ साल जेठ ३ मा एकतापछि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कै नाममा निर्वाचन आयोगमा दल दर्ता भएकाविरुद्ध रिट निवेदन दायर गरेका थिए।

अध्यक्ष कट्टेलले निर्वाचन आयोगमा उतिबेलै त्यसविरुद्ध उजुरी दिए पनि केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' अध्यक्ष रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को पक्षमा निर्णय गरेको थियो। हाल ओली र दाहाल पक्षबीचमा पनि विवाद देखिएका बेला आयोगको यस मुद्धाको फैसला अर्थपूर्ण हुन सक्नेछ।

# गाउँगाउँमा इजरायको अत्याधुनिक कृषि प्रविधि : मन्त्री अर्याल

**पोखरापत्र संवाददाता**
**लमजुङ, १३ फागुन**



कृषि तथा पशुपक्षी विकासमन्त्री पद्मा अर्यालले गाउँगाउँमा इजरायको अत्याधुनिक कृषि प्रविधि पुर्‍याइने बताएकी छन्। लमजुङको बैंसीशहर नगरपालिका-२ मा निर्माणाधीन श्रीजङ्ग गण नेपाली सेनाको व्यावसायिक कृषि तथा पशुपालन तालीम केन्द्रको बिहीबार अवलोकन गर्दै मन्त्री अर्यालले सो जानकारी दिएकी हुन्।

उनले भने, "विश्वमै अगाडि मानिएको इजरायलको कृषि प्रविधि गाउँगाउँमा पुर्‍याउन सके देश समृद्धितर्फ अघि बढ्नेछ। कृषिको विकास हुन सकेमा मात्र देशको विकास हुनेमा हामी स्पष्ट छौं।" व्यावसायिक कृषि, आधुनिकरण र यान्त्रिकीरण भए मात्र सरकारले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली'को सपना साकार हुँदै देश समृद्ध हुने मन्त्री अर्यालको भनाई छ। नेपालका लागि इजरायलका राजदूत खनान गोडरले ७० वर्षअघिसम्म खाद्यान्न अभाव हुने इजरायल अहिले अत्याधुनिक प्रविधिको उपयोगकै कृषिमा आत्मनिर्भर भई कृषिजन्य उत्पादन निकासी गर्ने अवस्थामा पुगेको बताए। उनले आधुनिक प्रविधिसँग जोड्ने हो भने नेपालमा पनि कृषि क्षेत्रमा परिवर्तन सम्भव रहेको बताए।

सो मन्त्रालयका सचिव डा योगेन्द्र कार्की, नेपाली सेनाका बलाधिकृत रथी प्रभुकुमार शर्मा, बैंसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्याललगायतले युवा शक्तिमा चासो र लगनशिलताका साथ कृषि पेशामा लागेमा मुलुक कृषिमा फड्को मार्न सक्ने जनाए।

नेपाली सेनाको कल्याणकारी कोषले नमूना परियोजनाका रुपमा शुरु गरेको यस तालीम केन्द्रले सैनिक परिवारका २० जना युवायुवतीलाई छानेर पढाइरहेको छ। बीएस्सीएजीसम्मको पढाइ सञ्चालन गर्ने लक्ष्य राखेको यो तालीम केन्द्र ३६७ रोपनी क्षेत्रफलमा फैलिएको छ। सेवा निवृत्त सैनिक, उनीहरुका परिवार र सर्वसाधारणलाई आधुनिक कृषि तालीम दिने लक्ष्य लिएको यो तालीम केन्द्रमा पनि इजरायलको प्रविधि भित्र्याइने भएको छ। यहाँ करिब रु १५ करोड बढी लागतमा यस तालीमको भवन निर्माण भइरहेको छ।

# महिला फुटबल टोलीको प्रशिक्षकमा फिलिप्स नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ फागुन**

नेपाली महिला राष्ट्रिय फुटबल टोलीको प्रशिक्षकमा अष्ट्रेलियाका ग्यारी फिलिप्सलाई नियुक्त गरिएको छ।

अखिल नेपाल फुटबल सङ्घ (एन्फा)ले फिलिप्सलाई प्रशिक्षकमा नियुक्त गरेको हो। यसअघि एन्फाको पाँच सदस्यीय प्राविधिक समितिले फिलिप्सलाई प्रशिक्षकका लागि प्रस्ताव गरेको थियो।

फिलिप्स अहिले एन्फाको प्राविधिक निर्देशकका रुपमा कार्यरत हुनुहुन्छ। गत वर्ष नेपालमा सम्पन्न १३औं दक्षिण एशियाली खेलकूद (साग) पछि महिला फुटबल टोलीका प्रशिक्षक हरि खड्काले राजीनामा दिएपछि उक्त पद रिक्त थियो। खड्का हाल एन्फाको महिला फुटबल विभाग प्रमुखका रुपमा कार्यरत हुनुहुन्छ।

यस्तै एन्फाले महिला साफ च्याम्पियनसिप र एएफसी महिला एशियन कप छनोट खेलको तयारीका लागि महिला टिमको बन्द प्रशिक्षण छिट्टै शुरु गर्ने जनाएको छ। एन्फाले गत माघ ७ देखि फागुन ७ गतेसम्म पहिलो पटक महिला फुटबलको डबल राउण्ड रोबिन लिग आयोजना गरेको छ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडी बन्द प्रशिक्षणका लागि छनोट गरिने एन्फाले जनाएको छ।




कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५३२५०८, ०६१-५२०६५१, ०६१-५३७८५७, E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com मुद्रण: हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
– कालीदास

## सम्पादकीय

# कांग्रेसको अप्ठ्यारो

सर्वोच्च अदालतले प्रतिनिधि सभा पुनर्थापना गर्ने फैसला पछि सत्ता सहकार्यको प्रस्ताव लिएर नेकपा प्रचण्ड-माधवकुमार नेपाल काङ्गेस र जसपासंग पुगेका छन । सर्वोच्चको फैसला भएको भोलिपल्टै प्रचण्ड र नेपाल काङ्गेस सभापति शेर बहादुर देउवालाई सरकार गठनको प्रस्ताव लगेका थिए । बिहीबार जसपा नेताहरूलाई सत्ता सहकार्यको प्रस्ताव राखेका छन । प्रधानमन्त्री केपी शर्मा ओलीलाई हटाएर सरकार बनाउने खेलमा नेकपाको प्रचण्ड नेपाल समूह सक्रिय छानेकपा कानुनी रुपमा विभाजन हुन नसके पनि सरकार कसरी बन्छ भन्ने स्पष्ट हुन सकेको छैन । सरकारको नेतृत्व गर्न काङ्गेस सभापति शेर बहादुर देउवालाई प्रस्ताव गरेपनि नेकपा विभाजन नभै सजिलो छैन ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले नेकपाका दुवै समूहसँग तत्काल सहकार्य नगर्ने भएको छ । बिहीबार कांग्रेसको पदाधिकारी र पूर्वपदाधिकारी बैठकले यस्तो निष्कर्ष निकालेको हो । बैठकले नेपाल कम्युनिष्ट पार्टीका दुवै समूहसँग तत्काल सहकार्य नगर्ने निर्णय गरेको छ । काङ्गेस सभापति देउवाले प्रतिनिधि सभा विघटन विरुद्धको आन्दोलनमा पनि संयुक्त रुपमा नजाने निर्णय गरेका थिए । नेकपा विभाजन नभई संयुक्त आन्दोलन नहुने निर्णय गरेका देउवाले सत्तामा पनि नेकपा विभाजन नभई नजाने निर्णय गराएर ओली हटाउन कस्सिएका नेतालाई गति तिब्र बनाउन दबाब दिएका छन । नेकपा विभाजन नभई काङ्गेसलाई सरकारको नेतृत्व गर्ने आधार देखिदैन । बाहिर देखाउन दुवैसंग सहकार्य नगर्ने भनेको चाँडो विभाजन गर्न उक्साउनु हो ।

नेपाल कम्युनिष्ट पार्टी नेकपाका कानुनी रुपमा एउटै भएका कारण उनीहरुले आधिकारिकता प्राप्त नगर्दासम्म सहकार्य नगर्ने निर्णय गराएको हो । अहिलेसम्म कानुनीरुपमा नेपाल कम्युनिष्ट पार्टी एउटै छ र त्यो दलको संसदीय दलको नेता प्रधानमन्त्री केपी शर्मा ओली नै छन्।कुन नेकपासँग सहकार्य गर्ने, सरकारमा जाने कि नजाने भन्ने सजिलो छैन ।कानुनी र नैतिक विषय  हल नभई सहकार्यका विषयमा छलफल गर्नु कांग्रेसका लागि हतारो हो । नेकपा विभाजित भएर फरक-फरक पार्टी बने पनि निर्वाचन आयोगले अहिलेसम्म विभाजित गरिदिएको छैन । ओलीले निरन्तरता पाउने हुने कि भन्ने आशंका छ । केपीको  विकल्प खोजेर कम्युनिष्ट पार्टीकै सरकार बनाउनुपर्ने मत पनि छ। कानुनी आधार तयार पारिसकेपछि मात्र सहकार्यको प्रस्ताव परिपक्व हुन्छ ।

काङ्गेस नेताहरू सत्ताका लागि आतुर भए पनि तल्लो पङ्क्ति विपक्षमा बस्नुपर्छ भन्ने छ। सत्तामा जाने समय र आवश्यकता भए पनि कांग्रेसले परिपक्व निर्णय गर्नुपर्ने बाध्यता छ । प्रतिनिधि सभा विघटनपछि सर्वसम्मत निर्णय गरेको कांग्रेस आन्दोलनको मैदानमा भने विभाजित अवस्थामा मतका आधार बाँडिएको थियो । संविधानको रक्षाका पक्षमा उभिने कि चुनावका पक्षमा भन्दै रुमल्लिएको कांग्रेसको विवाद सर्वोच्चको फैसलापछि  विवाद मत्थर भएको छ । काङ्गेसको महाधिवेशन भदौमा हुने भएको हुँदा सरकार र पार्टीको नेतृत्व बाँडफाँड गरेर मात्र सहज देखिन्छ ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : झमेला बड्ने |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : शारिरीक झमेला | धनु | : ब्यापारमा लाभ |
| ककर्ट | : मानसिक तनाब | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : मन चञ्चल |
| कन्या | : आर्थिक समस्या | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।




# स्थानीय तहमा गौरवका योजना : 'साख जोगाउँदै, आशा बढाउँदै'

–कमल खत्री
बेनी, १३ फागुन (रासस)

योजना स-साना हुन्छन् अनि विकास बजेट सक्नेगरी हुने गर्दछ । आर्थिक वर्षको अन्तमा बजेट सकिन्छ त्यसपछि लगत्तै आएको बाढीले बगाउछ ।

सङ्घीयता कार्यान्वयनको शुरुआती वर्षमा देशभरका अधिकांश स्थानीय तहमा देखिएका साझा समस्या हुन् यी । अधिकांश स्थानीय तहका यी समस्या अहिले पनि उस्तै छन् ।

यसमध्ये म्याग्दीको मङ्गला गाउँपालिकाले केही फरक र उपलब्धिमूलक ढङ्गले आफ्ना विकास निर्माणलाई अगाडि बढाएको छ । टुक्रे योजनालाई नियन्त्रण गर्दै स्थानीय तहकै अगुवाइमा गौरवका योजना सञ्चालन गर्ने 'विकास मोडेल'लाई मङ्गलाले अगाडि बढाएको छ । सङ्घीय, प्रदेश सरकारसँगको साझेदारीमा केही ठूला र महत्वका योजना सञ्चालन गरिएको छ । चालू आर्थिक वर्षमा पालिकाबाट १३५ वटा योजना छनोट भएकोमा अधिकांश योजनालाई वैशाखभित्रै सम्पन्न गर्ने लक्ष्यका साथ योजना कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोहर ढुङ्गानाले बताउनुभयो ।

उहाँका अनुसार ११० वटा योजना सम्झौता भइसकेका छन् भने १२ वटा योजनाले अन्तिम भुक्तानीसमेत लगिसकेका छन् । दर्जनौं योजना फागुन महिनाको अन्तसम्ममा सम्पन्न हुनेगरी तीव्र रूपमा अघि बढेका छन् । "गाउँपालिकाले ठूला योजनालाई ठेक्का प्रक्रियामार्फत् कार्यान्वयन गर्ने नीति लिएको छ, यसरी योजना कार्यान्वयन गर्दा गाउँपालिकाको बजेट पारदर्शी तवरले खर्च हुने र विकास निर्माणमा जबाफदेहिता बढ्ने अपेक्षा गरेका छौं' प्रमुख प्रशासकिय अधिकृत ढुङ्गानाले भन्नुभयो । गाउँपालिकाले पूर्वाधार निर्माणतर्फ टुक्रे योजनालाई घटाएको छ । सङ्घ र प्रदेश सरकारसँग साझेदारी गरी पालिकास्तरमा गौरवका योजनालाई अघि बढाएको छ । पाँच वटा रु एक करोड बढी बजेटका योजना कार्यान्वयनमा जुटेको पालिकाको केन्द्र रहेको बाबियाचौर बजार कालोपत्र गर्न प्रदेश सरकारसँग साझेदारी गरेको छ । गाउँपालिकाले रु एक करोड १३ लाख लागत अनुमानमा बजार कालोपत्र योजना सञ्चालन गरेको हो । रु एक करोड बढी बजेटकै दुई नमूना सडक आयोजनासमेत अघि बढाइएको छ । रु तीन करोड ३४ लाख बजेटबाट वडा नं ३ र ४ का नागरिकलाई गाउँपालिकाको केन्द्र आउने पोक-सातबिसे-ज्यामिरे-खर्सुपानी, ३ नं वडा कार्यालय हुँदै ४ नं वडा कार्यालय बुकेनी जोड्ने सडक स्तरोन्नति र रु एक करोड १५ लाख बजेटबाट बाबियाचौर-पैयूँपाटा-कुहुँ-अँधेरीखोला-पूर्णगाउँ हुँदै टोड्के जोड्ने सडक स्तरोन्नति गर्न शुरु गरेको छ ।

त्यसैगरी गाउँपालिकाले पुलचोक-पिपलबोट-पाखुँ-धारा-सिर्कुम-टीकाबाङ सडकखण्डको हाँडेभीर क्षेत्रमा बाढीले बगाएको सडक निर्माण र बस्ती संरक्षणको लागि रु एक करोड बजेट विनियोजन गरी कार्यान्वयनमा जुटेको छ । नदी नियन्त्रण गर्दै सडक निर्माण गर्न आरसिसी पर्खाल निर्माण गर्ने यस योजना ठेक्का मूल्याङ्कनको क्रममा रहेको छ । गाउँपालिकाको केन्द्रदेखि काफलचौर-सल्यान-भर्जुला-भाइबाङ-हिदी सडक स्तरोन्नतिको लागि विनियोजन गरेको रु ५० लाख बजेटलाई समेत ठेक्का प्रक्रियामार्फत् मङ्गला कन्स्ट्रक्सनसँग सम्झौता गरी धमाधम पूर्वाधारको काम भइरहेको गाउँपालिकाका इन्जिनीयर सुजन पाध्यायले जानकारी दिनुभयो ।

गाउँपालिकाले मङ्गला माविलाई नमूना विद्यालयका रूपमा विकास गर्न भवन पूर्वाधारमा सङ्घीय सशर्त अनुदानबाट प्राप्त रु एक करोड ५० लाख बजेटलाईसमेत ठेक्का प्रक्रियामार्फत् कार्यान्वयनमा जुटेको छ । गाउँपालिकाले सडक, शिक्षा, एकीकृत भवन, कृषिलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेर विकास निर्माणलाई अघि बढाएको अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो ।

यस गाउँपालिकाले हरेक गाउँमा महिला, दलित, जनजाति, आमा, युवालगायतका वर्ग र क्षेत्रका लागि छुट्टाछुट्टै र स-साना भवन बनाउने प्रचलनलाई हटाउँदै बहुउपयोगका लागि एकीकृत भवन निर्माण गर्ने योजना सञ्चालन गरेको अध्यक्ष रोकाको भनाइ छ । अहिलेसम्म गाउँपालिकाले सिमलचौर, भाइबाङ, हिदी, झाँक्रेपानी, कुर्सिम्ला, पखेर लगायतका गाउँमा एकीकृत सामुदायिक भवन निर्माण गरिसकेको छ भने थाइबाङ र भर्जुलामा यस वर्ष भवन निर्माण कार्यलाई सम्पन्न गर्ने तयारी गरिएको छ । पर्यटकीयस्थल झाँक्रिपानीमा पर्यटकका लागि दृष्यावलोकन स्तम्भ (भ्यू टावर)समेत निर्माण गरी सकिएको छ । जिल्ला समन्वय समितिको कोषबाट प्राप्त बजेटबाट बुकेनीमा वडा नं ४ को वडा कार्यालय भवन समेत तयार भएको छ । जिल्लामा आफै योजना सञ्चालन गरी वडा कार्यालय भवन निर्माण गर्ने मङ्गला नै पहिलो हो ।

**सडक कालोपत्र गर्ने पहिलो गाउँपालिका**

मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौर बजार कालोपत्र गर्न शुरु भएको छ । गण्डकी प्रदेश सरकारको सशर्त अनुदान रु एक करोड र गाउँपालिकाको रु १३ लाख बजेटबाट गाउँपालिका केन्द्रसमेत रहेको बाबियाचौर बजार क्षेत्रको सडक कालोपत्र गर्न शुरु भएको हो । सडक कालोपत्र हुन थालेपछि बजार क्षेत्र चिटिक्क र सफा देखिएको छ । म्याग्दीमा बेनी नगरपालिका क्षेत्र बाहिर गाउँपालिकास्तरमा सडक कालोपत्र गर्न शुरु भएको यो पहिलो योजना हो । जिल्लाको बेनी बजारसँगै गलेश्वर र रत्नेचौरमा छोटो दूरीको सडक मात्रै कालोपत्र छ । एक नगरपालिका बाहेक पाँच गाउँपालिकामा कुनै पनि सडक पक्की छैन ।

बाबियाचौरको कालोपत्र नै जिल्लामा रहेका गाउँपालिकामा भएको पहिलो कालोपत्र योजना हो । गत वर्ष नै सम्पन्न गर्ने लक्ष्य रहे पनि कोरोना महामारीका कारण प्रभावित भएको योजनालाई प्रदेश सरकारसँगको सहमतिमा म्याद थप गरी सम्पन्न गर्न लागिएको गाउँपालिकाका इन्जिनीयर सुजन पाध्यायले जानकारी दिनुभयो । करीब छ सय मिटर सडकलाई ३ दशमलब ७५ मिटर फराकिलोमा कालोपत्र गर्ने सम्झौता अनुसार निर्माण कम्पनी कार्यक्षेत्रमा परिचालन भएको छ ।

सडकको अधिकांश स्थानमा अनुमानित भन्दा बढी साढे चार मिटर फराकिलोसम्म सडक कालोपत्र गर्ने गरी काम अघि बढेको सोमरस निर्माण सेवा कम्पनीका सञ्चालक प्रवीन सापकोटाले बताउनुभयो । गत वर्ष बेस र सबबेससँगै सडकको नाली लगाएको पूर्वाधार बनाउने काम सम्पन्न भएको थियो । कालोपत्र योजनालाई गुणस्तरीय र टिकाउ बनाउनको लागि निर्माण सामग्रीको प्रयोग र निर्माण कार्यमा निरन्तर अनुगमन र अवलोकन भइरहेका कालोपत्र योजनालाई गुणस्तरीय बनाउनका लागि गाउँपालिकाका जनप्रतिनिधि, प्राविधिक र स्थानीय सरोकारवालालेसमेत नियमित रूपमा निगरानी गरिरहेका छन् । हिउँदमा धुलो र वर्षा याममा हिलोको सास्ती भोग्दै आएकोमा सडक कालोपत्र भएपछि धेरै राहत महसुसभएकोम्याग्दीउद्योगवाणिज्य सङ्घ बाबियाचौर इकाइका अध्यक्ष राजु पाण्डेले बताउनुभयो ।

**दुई नमूना सडक आयोजना सञ्चालन**

ग्रामीण सडकलाई व्यवस्थित र स्तरीय बनाउनका लागि मङ्गला गाउँपालिकाले नमूना सडक आयोजना सञ्चालन गरेको छ । गाउँपालिकाको केन्द्रदेखि वडा नम्बर ३ र ४ बरङ्जा जाने र वडा नं १ कुहुँहुँदै टोड्के जाने सडकलाई स्तरोन्नति गर्न गाउँपालिकाले दुई वटा नमूना सडक आयोजना सञ्चालन गरेको हो । पोक-सातबिसे-ज्यामिरे-खर्सुपानी -३ नं वडा कार्यालय हुँदै ४ नं वडा कार्यालय बुकेनी जाने सडक स्तरोन्नतिको लागि राष्ट्रिय योजना आयोगको सम्पूण योजनाअन्तर्गत आयोग र पालिकाको बराबर साझेदारीमा कूल तीन करोड ३४ लाख बजेटमा ठेक्का प्रक्रियामार्फत् रु दुई करोड ८० लाखमा देब एण्ड सायर तिलक जेभीले ठेक्का लिएको छ ।

यही माघ २७ गते सम्झौता भएको यस निर्माण कम्पनीले सडकखण्डको सातबिसेखोलादेखि बरङ्जा गाउँसम्मको विभिन्न भागमा सडक स्तरोन्नति गर्ने गरी काम थालिसकेको छ । गाउँपालिकाले यसअघि नै सडक फराकिलो बनाइसकेको यस सडकखण्डमा रिटेनिङ पर्खाल, ग्याबिन जाली लगाउने, नाली निर्माणलगायतका स्तरोन्नतिको काम गर्नेछ ।

गाउँपालिकाको केन्द्र बाबियाचौरदेखि पैयूँपाटा-कुहुँ-अँधेरीखोला-पूर्णगाउँ हुँदै टोड्के जोड्ने सडकलाईसमेत नमूना सडक आयोजना सञ्चालन गरेको छ । गण्डकी प्रदेश सरकारको समपुरक बजेट रु ५० लाख र गाउँपालिकाको ६५ लाख बजेट विनियोजन भएको यस योजनालाई पनि ठेक्कामार्फत् कार्यान्वयनमा अघि बढाइएको छ । बोलपत्रमा सबैभन्दा कम ६८ लाख ४८ हजार ४०० कबोल गरेको सोमरस निर्माण सेवासँग ठेक्का सम्झौताको तयारी भएको गाउँपालिकाले जनाएको छ ।

यस सडकखण्डमा नाली निर्माण, ग्याबिन जाली लगाउने, रिटेनिङ पर्खाल निर्माण, खोला र खोल्सामा कजवे निर्माण गर्नेलगायतका पूर्वाधार बनाउने तयारी छ ।

# मौरीको घार र गोला ल्याउन लागेकोमा व्यवसायीको विरोध

रासस
चितवन, १३ फागुन

भारतबाट मौरीको घार र गोला ल्याउन लागेको भन्दै कृषक एवं व्यवसायीले विरोध जनाएका छन् । यसबाट यहाँको उत्पादन र उद्योग प्रभावित हुने उनीहरूको भनाइ छ ।

नेपाल मौरीपालक महासङ्घ केन्द्रीय समिति, नेपाल मौरीपालन केन्द्रीय सहकारी सङ्घ र नेपाल केन्द्रीय मह व्यवसायी सङ्घले कृषि तथा पशुपक्षीमन्त्रीलाई ज्ञापनपत्र पठाउँदै घार र गोला ल्याउन नदिन अनुरोध गरेका छन् । ती संस्थामध्ये एउटाको केन्द्रीय कार्यालय चितवन रहेको छ भने दुईवटाको काठमाडौंमा रहेको छ । नेपाल मौरीपालक महासङ्घका केन्द्रीय अध्यक्ष शिवप्रसाद शर्माले बुधबार ज्ञापनपत्र इमेलमार्फत पठाइएको र शुक्रबार प्रत्यक्षरूपमा बुझाइने बताउनुभयो ।

ती संस्थाले मन्त्रालयका दुवै जना सचिव, कृषि विभाग हरिहर भवन, पशु सेवा विभाग पशु क्वारेन्टिन महाशाखा हरिहर भवन र व्यावसायिक कीट विकास केन्द्रलाई बोधार्थ दिँदै ज्ञापनपत्र बुझाएका हुन् । उनीहरूले मौरीको घार र गोला ल्याउन रोक लगाउनुको कारणसहित ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्रमा भारतका मौरीमा प्रशस्त कास्मिरी सुलसुले अर्थात माइटजस्ता परजीवी रोग लागेर त्यहाँ दुःख दिइरहेको भन्दै नेपालमा भित्रिएमा रोग फैलने उल्लेख छ । त्यहाँबाट ल्याउँदा ती रोग आउन सक्ने भन्दै भारतको मौरीमा युरोपीयन फाउल ब्रुडसमेत देखिएको जनाइएको छ । यो रोग युरोपमा निकै फैलिएको र लाखौं मौरीगोला नष्ट गरिएको ज्ञापनपत्रमा जनाइएको छ । यस रोगको निवारणका लागि सल्फरले उपचार गर्नुपर्ने र यसरी उपचार गरी उत्पादन गरिएका मह विकसित देशले प्रतिबन्ध लगाएकाले मौरीजन्य सामग्री ल्याउँदा त्यो पनि सँगै आउने विज्ञप्तिमा उल्लेख छ । नेपालमा अहिलेसम्म यस्तो औषधिको प्रयोग नगरिएको जानकारी दिँदै विज्ञप्तिमा भनिएको छ "यस विषादीले मौरीका बच्चा र लार्भा कुहाउँछ ।" भारतबाट ल्याइएको मौरीको घार र फ्रेममा प्रयोग गरिएको एन्टिबायटिक सल्फर मौरीको घार, गोला ल्याउँदा नेपाल भित्रिने र व्यवसाय धराशायी बन्ने जनाइएको छ । भारतबाट आउने उपजाति फरक प्रकारको भएकाले नेपालका मौरीको वंश संरक्षणमा के कस्तो असर गर्छ भन्ने विषयमा अध्ययन भएपछि र विज्ञ र एशोसिएशनले सहमति दिएपछि मात्र नेपाल भित्र्याउनुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

भारतबाट १० हजार गोला मौरी ल्याउन मन्त्रालयमा निवेदन परेपछि रोक्नुपर्ने मागसहित ती सङ्घ संस्थाले ज्ञापनपत्र बुझाएका हुन् । नेपालमा विसं २०५० बाट व्यावसायिक मौरीपालन शुरु गरिएको हो । हाल एक लाख ७० हजार मौरीघारबाट वार्षिक ४५ हजार मेट्रिक टन मह उत्पादन हुँदै आएको महासङ्घले जनाएको छ ।

# सुरक्षित गर्भपतन गराउने बढ्दै

पोखरापत्र संवाददाता
बागलुङ, १३ फागुन

बागलुङमा सुरक्षित गर्भपतन गराउने महिलाको सङ्ख्या बढ्दै गएको छ ।

गाउँगाउँमा स्वास्थ्य सेवाको पहुँच विस्तार भएसँगै सुरक्षित गर्भपतन गराउनेको सङ्ख्या बढेका हुन् । जिल्लाभर पाँच स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवा सञ्चालनमा छन् । तीमध्ये सदरमुकामस्थित धौलागिरि अस्पतालमा सबैभन्दा बढी सुरक्षित गर्भपतन हुने गरेका छन् । सदरमुकाम र जिल्लाको सुदूरपश्चिममा रहेको बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा मात्रै अनिच्छित गर्भ रहेका महिला गर्भपतनका लागि पुग्ने गरेका छन् ।

चालू आर्थिक वर्षको हालसम्म धौलागिरि अस्पतालमा १६५ महिलाले सुरक्षित गर्भपतन गराएको तथ्याङ्क छ । अस्पतालका नर्सिङ निरीक्षक मिलन बडूवालले कोरोना भाइरसको महामारी फैलिनुभन्दा पहिले हरेक महिना ५० महिला गर्भपतनका लागि आउने गरेको भए पनि पछिल्लो समयमा भने ३०/३५ जना मात्र आउने गरेको बताउनुभयो । गत वर्ष अस्पतालबाट ६०० महिलाले गर्भपतन गराएका थिए । बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रबाट चालू वर्षको हालसम्म ९९ महिलाले सुरक्षित गर्भपतन गराएको डा मिलन मल्लले जानकारी दिनुभभयो । बाह्र हप्तासम्मको सुरक्षित गर्भपतन बुर्तिबाङमै गराए पनि त्यो भन्दा माथिको लागि धौलागिरि अस्पताल बागलुङमा रिफर गर्ने गरेको उहाँले बताउनुभयो । गर्भपतन गराउन आउने महिलाको सम्पूर्ण स्वास्थ्य जाँच गरी पाठेघर, बच्चाको अवस्था र गर्भवती महिलालाई जोखिमको अवस्था अध्यायन गरेर मात्र गर्भपतन गराउने गरेको उहाँको भनाइ छ । गर्भपतन गराउनेको परिचय सुरक्षित रहने भएकाले पनि इच्छा विपरितको गर्भपतन गर्न आउनेको सङ्ख्या बढ्दै गएको हो । पछिल्लो समय शिक्षाको पहुँच र जनचेतनाका कार्यक्रमले गर्दा सन्तानको रहर पुगेका तर स्थायी बन्ध्याकरण नगराएका दम्पति गर्भपतनका लागि धेरै आउने गरेका छन् ।

# बाह्र किलो गाँजासहित पक्राउ

पोखरापत्र संवाददाता
म्याग्दी, १३ फागुन

म्याग्दीको मालिका गाउँपालिका-२ रुमको भिरखर्कका एक युवकलाई प्रहरीले बिहीबारलागुऔषध गाँजासहित पक्राउ गरेको छ ।

भिरखर्कका ३४ वर्षीय होमबहादुर पुनलाई १२ किलो ८५० ग्राम गाँजासहित घरबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी नायब उपरीक्षक श्यामकुमार राईले जानकारी दिनुभयो । इलाका प्रहरी कार्यालय दरवाङका प्रहरी निरीक्षक सन्तोष पौडेलको नेतृत्वमा गएको टोलीले गाँजा र पुनलाई नियन्त्रणमा लिएको हो । बोराभित्र हालेर बाख्राको खोरमा लुकाइ राखेको अवस्थामा गाँजा बरामद गरेको प्रहरीले जनाएको छ ।

रनैबेनीस्थित जिल्ला प्रहरी कार्यालय म्याग्दीमा ल्याइएका पुनलाई अदालतबाट म्याद थप गरेर अनुसन्धान र कारवाही प्रक्रिया अघि बढाउने राईले बताउनुभयो ।

यसैगरी सदरमुकाम बेनी बजारमा आज एक वृद्धा लुटिनुभएको छ । बेनी नगरपालिका-४ डाडाखेतकी ७६ वर्षीया पुतली किसानले कानमा लगाएको गहना लुटिएको हो । दुई जना युवाले नेपाल विद्युत् प्राधिकरणको कार्यालय मुनी लगेर कानमा लगाएको आधा तोला सुनको रिङ लुटेर भागेका पीडित किसानले बताउनुभयो ।

**भाडामा**
जुनसुकै व्यवसायका लागि उपयुक्त हल वा अफिस स्पेस भाडामा छ ।
भाडा: रू ७००० देखि ११,००० सम्म
चिप्लेढुङ्गा मै गर्नुस र पो चल्छ
WOW Plaza
देउराली गल्ली, चिप्लेढुङ्गा
मो. ९८५६०२१८२०

# पोखरामा आन्तरिक पर्यटकको चहलपहल बढ्दै

– पूर्णबहादुर कार्की
पोखरा, १३ फागुन

आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य पोखरामा पर्यटकको चहलपहल बढेको छ । कोरोना भाइरसका कारण लामो समय ठप्प पर्यटकीय नगरी पोखरामा आन्तरिक पर्यटक ह्वात्तै बढेका छन् ।

आन्तरिक तथा बाह्य पर्यटकको सदाबहार चहलपहल हुने पोखरामा विदेशी पर्यटक खासै नभए पनि आन्तरिक पर्यटकको भने आकर्षण बढेको पर्यटन व्यवसायी बताउँछन् । पोखरा बजार तथा आसपासका ग्रामीण पर्यटकीयस्थलमा पनि पर्यटक बढेका छन् । विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोनाका कारण लामो समय घरभित्र बन्द पर्यटक त्रास कम भउपछि घुमफिरमा समय दिन थालेका छन् । साथै कोरोना खोप लगाउन शुरु भएसँगै भ्रमणको गन्तव्य पोखरा बनाउनेहरू पनि बढ्नाले आन्तरिक पर्यटकको चहलपहल बढेको हो ।

पोखराका प्रमुख पर्यटकीय गन्तव्य फेवाताल, फेवातालको बीचमा अवस्थित तालबाराही मन्दिर, महेन्द्र गुफा, गुप्तेश्वर गुफा, चमेरे गुफा, पातले छाँगो, विश्व शान्ति स्तूपलगायत स्थलमा घुमफिर गर्नेहरूको सङ्ख्या बढेको छ । फेवातालमा डुङ्गामा शयर गर्ने र प्याराग्लाइडिङमा रमाउनेहरू पनि उत्तिकै छन् । देशका पूर्वमेचीबाट महाकालीसम्मका जिल्लाबाट शैक्षिक, बैंक तथा वित्तीय संस्था, सहकारीलगायतले पोखरालाई भ्रमण कार्यक्रम बनाएपछि यहाँ आन्तरिक पर्यटक बढेका हुन् । बडादशैँपछि पोखरामा पर्यटक बढ्न शुरु भएको र अहिले आन्तरिक पर्यटकको चहलपहल बढेको पोखरा पर्यटन परिषद्का निवर्तमान अध्यक्ष चिरञ्जीवी पोखेरलले बताउनुभयो । केही तेस्रो मुलक तथा छिमेकी भारतका पर्यटकसमेत अहिले पोखरामा छन् । विगत वर्षमा मुख्य पर्यटकीय मौसममा विदेशी पर्यटक भरिभराउ हुने गरे पनि यस वर्ष आन्तरिक पर्यटकले मात्र ठूलो राहत मिलेको पर्यटन व्यवसायीको भनाइ छ । अझै केही समय बाह्य पर्यटक आवागमन सहज नभएकाले आन्तरिक पर्यटनलाई लक्ष्य गरी छुटलगायत सुविधा व्यवसायीले प्रदान गरेका छन् । पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाले आन्तरिक पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरेको पोखरेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “आन्तरिक पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालनपछि पोखरामा पर्यटकको चहलपहल बढेको छ । केही समय अझै आन्तरिक पर्यटनमा निर्भर रहनुपर्ने बाध्यता रहेकाले स्वदेशी पर्यटक आकर्षण गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्छ ।” प्याराग्लाइडिङ पोखरामा पर्यटकको अर्को आकर्षण हो । कोरोनाले ठप्प प्याराग्लाइडिङमा दशैँपछिसहुलियत दरमा व्यवसायीले उडानको व्यवस्था गरेपछि केही साता ठूलो भीड लाग्ने गरेको थियो । अहिले पनि आन्तरिक पर्यटकको आकर्षण प्याराग्लाइडिङमा देखिएको नेपाल हवाई खेलकूद संस्था (ना)ले जनाएको छ ।

पोखरासँगै आसपासका क्षेत्रमा समेत अहिले आन्तरिक पर्यटक बढेका छन् । अग्ला डाँडामा खुलेका होटल, रेस्टुरेष्ट तथा घरबासमा बस्नेहरूको सङ्ख्या राम्रो रहेको बताइन्छ । पोखराका काहुँडाडाँ, सराङकोट, धम्पुस, घान्द्रुक, अस्तामलगायत क्षेत्रमा पर्यटकको चहलपहल बढेको सम्बन्धित क्षेत्रका व्यवसायीको भनाइ छ । यसैगरी साहसिक ग्रामीण पर्यटनको गन्तव्य घान्द्रुक गाउँ र विश्वप्रसिद्ध अन्नपूर्ण आधार शिविर गत माघ १ गतेदेखि पर्यटकका लागि खुला गरेपछि सो क्षेत्रमा पनि आन्तरिक पर्यटक आउन शुरु भएको घान्द्रुक पर्यटन व्यवस्थापन समितिले जनाएको छ । समितिका अध्यक्ष किसम गुरुङले लामो समय घान्द्रुक क्षेत्र बन्द हुँदा पर्यटनमा आश्रित व्यवसायी मारमा गएपछि सवैखाले पर्यटकका लागि स्वास्थ्य मापदण्ड पूरा गरेर खुलाउने निर्णयपछि स्वदेशी पर्यटक गाउँमा आउन शुरु गरेको बताउनुभयो । कोरोना सङ्क्रमण रोक्न आह्वान गरिएको बन्दाबन्दीपछि बन्द प्रदेशका सबै पर्यटकीय गन्तव्य माघदेखि सञ्चालनमा आएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशले जनाएको छ । पर्यटकीयस्थल पर्यटकका लागि खुला भएपछि आन्तरिक पर्यटक बढ्दै गएका हुन् । यसै क्रममा काठमाडौँस्थित द्रव्यलाभ बचत तथा ऋण सहकारी संस्था एक टोलीले फागुन ७ देखि ९ गते पोखरा तथा गण्डकी प्रदेशका लमजुङ, क्होंलासोंथर गाउँपालिका-३ को रमणीय बस्ती रहेको घलेगाउँको समेत अवलोकन भ्रमण गरेको छ । गुरुङ संस्कृति, हिमाली दृश्य, आत्मीय व्यवहार र मीठो खानाका लागि प्रख्यात घलेगाउँको स्वच्छ वातावरणमा मन आनन्दित भएको संस्थाका अध्यक्ष भक्तबहादुर पराजुलीले बताउनुभयो ।

प्रकृति र संस्कृतिको सङ्गम घलेगाउँबाट माछापुच्छ्रे, अन्नपूर्ण दोस्रो, बुद्ध, हिमालचुली, लमजुङ, डा हर्क गुरुङ पिक, मनास्लुलगायत हिमाल छर्लङ्ग देखिन्छ । सूर्योदय र सूर्यास्तको दृश्यले पनि मोहित बनाएको उहाँले बताउनुभयो । ग्रामीण पर्यटनको नमूना गन्तव्य घलेगाउँमा घुम्नलायक चियाबारी, गुरुङ सङ्ग्रहालय, दृश्यावलोकनस्तम्भ उत्तरकन्या मन्दिर, कोइवो धिँलगायत सम्पदा र छिमेकी गाउँ घनपोखरा, भुजुङ र बाग्लुङपानीमा हाइकिङ गर्न जाने पर्यटकको चहलपहल छ ।

# ग्रामीण क्षेत्रमा सडक कालोपत्रे

पोखरापत्र संवाददाता
म्याग्दी, १३ फागुन

म्याग्दीको सदरमुकाम बेनी बजार बाहिरका ग्रामीण क्षेत्रका सडक कालोपत्रे हुन थालेका छन् । विसं २०५२ मा सडक सञ्जालमा जोडिएको म्याग्दीमा हालसम्म बेनी बजार, बेनी-गलेश्वर र रत्नेचौर-बेनीबाहेक अन्य सडक कालोपत्रे भएको थिएन ।

बेनी नगरपालिका-१ रत्नेचौर र मङ्गला गाउँपालिकाको केन्द्र बाबियाचौर बजारमा सदरमुकामबाहिर पहिलोपटक सडक कालोपत्रे भएको छ । रत्नेचौरमा सडक डिभिजन कार्यालय बागलुङले एक हजार ३०० मिटर सडक डिभिजन कार्यालयले कालोपत्रे गरेको बेनी-१ का वडाध्यक्ष टेकबहादुर रावलले बताउनुभयो । कालोपत्रे र ढलानका लागि सर्वसिद्धि कन्स्ट्रक्सन प्रालिले रु एक करोड ७३ लाखमा ठेक्का लिएको थियो । दोस्रो प्याकेजमा उपल्लाचौरदेखि अर्जम हुँदै भकुण्डे खण्डमा सडक विस्तार, पर्खाल र नाली बनाउन रु एक करोड ६९ लाखमा अर्को ठेक्का लगाइएको छ । रत्नेचौर बेनी नगरपालिकाले परिकल्पना गरेको चक्रपथको प्रवेश विन्दु हो । यो सडक बेनीको वडा नं २ भकुण्डे र वडा नं ३ भकिम्लीका बासिन्दाले प्रयोग गर्छन् । यसैगरी मङ्गला गाउँपालिकाले गण्डकी प्रदेश सरकारको साझेदारीमा बाबियाचौर बजारमा सडक कालोपत्रे गरेको छ । गाउँपालिकाका इञ्जिनीयर सुजन पौडेलले रु एक करोड १३ लाखको लागतमा ६२० मिटर सडक कालोपत्रे गरिएको बताउनुभयो । “तीनदेखि चार मिटर चौडाइमा आक्सपाल्ट प्रविधिको कालोपत्रे बिछ्याइएको छ”, उहाँले भन्नुभयो, “गत वर्ष ठेक्का लगाए पनि लकडाउनले कार्यान्वयन हुन सकेको थिएन ।” सोमरस निर्माण सेवाले ठेक्का लिएको थियो ।

दुई सयभन्दा बढी घरधुरी भएको बाबियाचौरमा यसअघि करिब रु ६० लाखको लागतमा ७२० मिटर पक्की नाली निर्माण भएको थियो । “घरघरमा निजी धाराबाट खानेपानी वितरण गरिएको छ”, बाबियाचौरका वडाध्यक्ष धनबहादुर खाती क्षेत्रीले भन्नुभयो, “यस वर्ष बाँकी ठाउँमा नाली र सडक कालोपत्रे गर्न रु ५० लाख विनियोजन भएको छ ।”

सडक कालोपत्रे भएपछि सहज र सर्वसुलभरूपमा छिटो छरितो यात्रा गर्न पाउने बाबियाचौरका बलबहादुर कार्कीले बताउनुभयो । बाबियाचौरका हर्क छन्त्यालले साँघुरा सडकमा हिउँदमा धुलो र बर्खामा हिलाम्मे भएर जोखिम तथा कष्टपूर्ण यात्रा गर्नुपर्ने अवस्था हट्ने अपेक्षा गरेको बताउनुभयो । पैँतालीस वडा रहेको म्याग्दीको गुर्जाबाहेक ४४ वडामा करिब ५०० किलोमिटर सडक निर्माण भएको छ । कच्ची सडकको स्तरोन्नति, नाली निर्माण र कालोपत्रेमा तीनै तहका सरकारले प्राथमिकता दिएका छन् ।

सडक विभागले म्याग्दीको बेनी-जोमसोम सडक, राष्ट्रिय पुनःनिर्माण प्राधिकरणले अन्नपूर्ण गाउँपालिकाको पोखरेबगर घार खिवाङ शिख चित्रे, प्रदेश सरकारले बेनी-दरवाङ र गलेश्वर-पिप्ले-भगवती-बेग सडक कालोपत्रे गर्न लागेका छन् । बेनी नगरपालिकाले बेनी-अर्थुङ्गे-घतान-पात्लेखेत सडक कालोपत्रे गर्न लागेको छ । म्याग्दीका विभिन्न खोलामा १० मोटरेबल पुल निर्माणाधीन छन् ।

# पाचोक गाउँमा पुग्यो बिजुली

पोखरापत्र संवाददाता
लमजुङ, १३ फागुन

दोर्दी गाउँपालिका-५ पाचोक गाउँमा पहिलो पटक केन्द्रीय प्रसारण लाइन पुगेको छ ।

टुकी तथा सोलारका भरमा जीवनयापन गर्दै आएका सो वडामा सिम्रुङ, फुम्चे र कैचे गाउँमा नेपाल विद्युत् प्राधिकरणले आज पहिलो पटक बिजुली पुऱ्याएको हो ।

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेतले कन्द्रीय प्रसारण लाइनको शुभारम्भ गर्दै प्रदेशका सबै नागरिकका घरमा बिजुली पुऱ्याइने जानकारी दिनुभयो । उहाँले गाउँमा 'एक घर एक धारा' छिट्टै निर्माण गरिने बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गण्डकी प्रदेशसभाका प्रमुख सचेतक मायानाथ अधिकारी, प्रदेशसभा सदस्य धनञ्जय दवाडी, तत्कालीन संविधानसभा सदस्य जमिन्द्रमान घले, गाउँपालिका अध्यक्ष ओमलाल गुरुङ, वडाध्यक्ष फत्तबहादुर गुरुङ, प्राधिकरण वितरण केन्द्रका प्रमुख यमकुमारी गुरुङ र स्थानीय अगुवा शेरबहादुर तामाङले पूर्वाधार विकासमा जोड दिनुभएको थियो ।

प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको सहयोगमा प्राधिकरणले केन्द्रीय प्रसारण लाइन पुऱ्याएको थियो । यहाँका ६५ घरमा बिजुली बलेको छ ।

यसअघि टुकी र सोलारका भरमा बस्नुपर्दा विरामी हुँदा तथा बालबालिकाको पठनपाठनमा समस्या हुनेदेखि मोबाइल चार्जिङ गर्नसमेत समस्या हुँदै आए पनि अब भने समाधान भएको वडाध्यक्ष गुरुङको भनाइ छ । गाउँमा पहिलो पटक बिजुली पुग्दा स्थानीयवासी हर्षित छन् ।

# मापदण्डविपरीत बगर उत्खनन

पोखरापत्र संवाददाता
म्याग्दी, १३ फागुन

म्याग्दीको बेनी नगरपालिकाको बगर क्षेत्रमा निर्माण व्यवसायीले सम्झौता र मापदण्डविपरीत उपकरण प्रयोग गरेर नदीजन्य वस्तुको उत्खनन गर्न थालेका छन् ।

वातावरणीय परीक्षण प्रतिवेदन र नगरपालिकासँग भएको सम्झौताविपरीत हेभी इक्युपमेन्ट (डोजर, एक्साभेटर) प्रयोग गरेर बगरबाट ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गर्दा कटानको जोखिमका साथै जैविक विविधतामा असर परेको हो । बेनी-जोमसोम सडकको प्रवेश विन्दुमा पर्ने बेनी-गलेश्वर सडकअन्तर्गत बेनी नगरपालिकाको वडा नं ६ मा पर्ने ठूलो बगर क्षेत्रमा केही दिनयता एक्साभेटर प्रयोग गरेर नदीजन्य पदार्थको उत्खनन भइरहेको छ । अव्यवस्थितरूपमा एक्साभेटरको प्रयोग गरेर बगर उत्खनन गर्दा नदी गहिरिने, माछालगायत जलचरको बासस्थानमा असर पर्ने र नजिकै रहेको सडक कटानको जोखिममा परेको स्थानीयवासीले गुनासो गरेका छन् । जलजला गाउँपालिका-७ मिलनचोकको साहना निर्माण सेवाले बेनी नगरपालिकासँग ठूलोबगरस्थित कालीगण्डकी बगरमा नदीजन्य वस्तुको उत्खनन र निकासीका लागि २०७७ फागुन ५ गते बेनी नगरपालिकासँग रु दुई लाख २५ हजारमा ठेक्का सम्झौता गरेको थियो । सोही कम्पनीलेबेनीनगरपालिका-९मापर्ने गलेश्वर-मजुवाको बगरमा उत्खनन र निकासीका लागि रु सात लाख एक हजारमा ठेक्का लिएको छ । बेनी नगरपालिकाका इञ्जिनीयर विमलरञ्जन कार्कीले नदीजन्य वस्तु उत्खननमा हेभी इक्युभमेन्ट प्रयोग गर्ने सम्झौता नभएको बताउनुभयो ।

राहुघाट र कालीगण्डकी नदीले कटान गरेको राममन्दिरको संरक्षणका लागि नदीको धार परिवर्तन गराउन जिल्ला विपद् व्यवस्थापन समितिले गरेको आग्रहअनुसार मजुवा-गलेश्वरको बगरमा हेभी इक्युभमेन्ट प्रयोग गर्न दिने नदिने भन्ने विषयमा जलजला र रघुगङ्गाका प्राविधिकसँग छलफलको चरणमा रहेको कार्कीले बताउनुभयो ।

साहना निर्माण सेवाका सञ्चालक शिव जिसीले मजदुर लगाएर उत्खनन गर्दा सम्भव नहुने भएकाले विकास निर्माणका लागि आवश्यक निर्माण सामग्रीको सहज आपूर्तिका लागि सरोकारवालाको मौखिक सहमतिमा उत्खननमा उपकरण प्रयोग गरेको बताउनुभयो । “उत्खननमा उपकरण प्रयोग नगर्ने भन्ने कही उल्लेख छैन”, उहाँले भन्नुभयो, “मजदुर लगाएर निकालेको बालुवा, गिट्टी र ढुङ्गाले यात्रा विकास आयोजनालाई आवश्यक पर्ने सामान पुऱ्याउन सकिँदैन ।”

नदीजन्य वस्तुको उत्खनन नियमनका लागि जिल्लास्तरमा रहेको अनुगमन समितिका संयोजक प्रमुख जिल्ला अधिकारी उमाकान्त अधिकारीले उपकरण प्रयोग गरेर उत्खनन भएकोसम्बन्धी सूचना नआएको बताउनुभयो । सम्झौता र इआइ प्रतिवेदनविपरीत नदी बगर उत्खननमा उपकरण प्रयोग गरेको भेटिएमा कारवाही गरिने उहाँले बताउनुभयो ।

# मनकामना मन्दिरबाट तीन लाखका सामग्री चोरी

पोखरापत्र संवाददाता
बागलुङ, १३ फागुन

बागलुङको तित्याङस्थित मनकामना मन्दिरमा चोरी भएको छ ।

अज्ञात समूहले हिजो राति मन्दिरमा रहेका लाखौं मूल्यका सामग्री चोरी गरेको हो । बागलुङ नगरपालिका-९ तित्याङको स्वामी डाँडास्थित मन्दिरबाट रु तीन लाख बराबरको सामान चोरी भएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष टीकाराम थापाले जानकारी दिनुभयो । मन्दिरको ढोका अघि राखिएको २५ किलोको एक थान, १० किलोको एक थान र ७ वटा अन्य साना घण्टी चोरी भएको अध्यक्ष थापाले बताउनुभयो । उहाँका अनुसार मूर्ति ढाकेको तामाको पाता, १० हजार नगद, तीस वर्षदेखि चढाउँदै आएको सिक्का पैसा, तामाको अङ्खोरा चोरी भएको छ ।

पुजारीले बुधबार साँझ पूजा गरेर गएपछि मन्दिरमा चोरी भएको बताइएको छ । बिहीबार बिहान जाँदा मन्दिरका सामग्री चोरी भएको पाइएको पुजारीले जानकारी दिनुभएको थियो ।

शौचालयको ताला फोरेर भित्र तोडफोड गरिएको छ । चोर्न आउने व्यक्तिले मन्दिरमा रुमाल छोडेको बताइएको छ । चोर्ने व्यक्तिको खोजी भइरहेको प्रहरी निरीक्षक लक्ष्मण देवकोटाले जानकारी दिनुभयो ।

# बागलुङ-कुश्मीशेरा सडक कालोपत्र

पोखरापत्र संवाददाता
बागलुङ, १३ फागुन

लामो समयदेखि सर्वसाधारणको चासोमा रहेका बागलुङ-कुश्मीशेरा सडकमा कालोपत्रको काम शुरु भएको छ ।



स्तरोन्नतिको काम सकेर निर्माण कम्पनीले तापक्रम पुगेसँगै कालोपत्र विछ्याउन शुरु गरेको हो । बागलुङ बजारदेखि कुश्मीसेरा जाने सडकको दश किलोमिटर खण्ड कालोपत्र हुँदैछ । गण्डकी प्रदेश सरकारको लगानीमा यो सडक कालोपत्र हुन थालेको हो । “पाग्जामा प्राइमकोट (अलकत्रको घोल) हाल्ने काम सकिएको छ, अब पहिलो चरणको कालोपत्र हुन्छ”, एमएस प्यासेफिक कर्ण विल्डर्सका साईड सुपरभाइजर सन्दिप श्रेष्ठले भन्नुभयो, “तीन चरणमा काम हुने भएकाले डेढ महिनामा सकिन्छ ।” यो सडक ट्र्याक खुलेको दुई दशकपछि कालोपत्र हुन लागेको हो । गण्डकी प्रदेश सरकारले स्तरीकरणमा प्रादेशिक सडक 'क' वर्गमा परेको यो सडक कालोपत्र हुँदा जिल्लाको दक्षिण क्षेत्रका सर्वसाधारणलाई सहज हुनेछ । अहिले सडकमा सवारीको आवागमन रोकेर प्राइमकोट विछ्याउने काम भइरहेको छ । “पहिलो चरणको प्राइमकोट राखेपछि सवारी चल्न दिन्छौं”, उहाँले भन्नुभयो, “प्राइमकोट (अलकत्रको घोल) नसुक्दासम्म धुलोले असर गर्ने भएकाले वैकल्पिक सडकबाट सवारी पठाइएको छ ।” पहिलो चरणमा बागलुङ नगरपालिका-१३ पाग्जादेखि वडा नं १४ को पानी ट्याङ्कीसम्मको काम सकिने छ । दोस्रो चरणमा पानी ट्याङ्कीदेखि वडा नं १२ को सरङ्गेसम्मको काम सकिने उहाँले बताउनुभयो । २०७५ असारमा बोलपत्र प्रक्रिया थालिएको यो सडकको १० किलोमिटर खण्डको काम २०७६ भदौ १० गतेदेखि शुरु भएको थियो ।

मालढुङ्गाभन्दा केही अगाडि कालीगण्डकी करिडोरदेखि पाग्जासम्मको झण्डै चार किलोमिटर सडक २०७३ सालमा कालोपत्र भएको थियो । सडक विभागले पक्की बनाएको उक्त सडकको अन्तिम बिन्दुदेखि कुश्मीशेरातर्फ १० किलोमिटर खण्ड कालोपत्रको काम शुरु भएको हो । पाग्जादेखि टाकुरीसम्मको सडकबाहेक टाकुरीदेखि कुश्मीसेरासम्म पनि यसअघिनै कालोपत्र भइसकेको छ । भौतिक पूर्वाधार मन्त्रालयको रु २६ करोडको लगानीमा यो सडक कालोपत्र हुँदैछ । २०७८ साल असोज मसान्तसम्म काम सम्पन्न गर्नेगरी निर्माणको जिम्मेबारी लिएको कम्पनीले पाँच महिना पहिले नै काम सक्नेगरी धमाधम काम गरिरहेको हो । “अब अवरोध छैनन्, दुई महिनाभित्रै हस्तान्तरण गर्छौं”, श्रेष्ठले भन्नुभयो, “कोरोनाको अवरोध नभएको भए धेरै पहिला हस्तान्तरण हुन्थ्यो ।”

सडक स्तरोन्नतिको काम दुई महिना पहिलै सकिएको भए पनि कालोपत्रका लागि तापक्रम पुग्नुपर्ने भएकाले फागुन पर्खनु परेको थियो । सडकमा कालोपत्र विछ्याउन थालेपछि स्थानीयवासीमा खुशीयाली छाएको छ । तत्कालीन जिविसले २०५४ मा निर्माण थालेको यो सडकखण्ड २२ वर्ष पुग्दा पनि हिलाम्मे र धुलाम्मे थियो । यो सडकखण्डमा कति रकम खर्च भयो भन्ने यकिन तथ्याङ्कसमेत अझै कतै भेट्न सकिँदैन । कहिले जिविस, कहिले आरआइडिपी, कहिले ड्रिलीप र कहिले स्थानीय तहको बजेट लगानी परेको थियो ।

# भारतमा बुधबार थप १६ हजार ७३८ जना व्यक्ति कोभिड-१९ संक्रमित

रासस
काठमाडौं, १३ फागुन

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बुधबारसम्म एक करोड १० लाख ४६ हजारभन्दा बढी पुगेको छ ।

विगत २४ घण्टाको अवधिमा भारतमा १६ हजार ७३८ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड १० लाख ४६ हजार ९१४ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जनाएको छ ।

भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १३८ जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५६ हजार ७०५ जना पुगेको छ । मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड सात लाख ३८ हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ । हाल भारतमा एक लाख ५१ हजार ७०८ जना सक्रिय सङ्क्रमित रहेका छन् । यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ । भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले शुक्रबारसम्म देशभर २१ करोड ३८ लाख २९ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ । बिहीबार एकै दिनमा मात्र सात लाख ९३ हजारभन्दा बढी व्यक्तिलाई कोभिड्-१९ परीक्षण गरेको जनाइएको छ । भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ । सो दिनदेखि हालसम्म एक करोड २३ लाख भन्दा बढी व्यक्तिले खोप लगाइसकेका छन् । कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्रायःस्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ ।

भारतमा कोरोना भाइरसविरुद्धको दोस्रो चरणको खोप अभियान आगामी मार्चदेखि सुरु हुने भएको छ । सरकारी अधिकारीले दिएको जानकारीअनुसार मार्च १ देखि ६० वर्षभन्दा बढी उमेरका व्यक्तिलाई खोप लगाइने भएको छ । त्यसैगरी दिर्घरोगी छन् भने ४५ वर्ष माथीकालाई पनि कोरोना भाइरसविरुद्धको खोप दिइने अधिकारीको भनाइ छ ।

केन्द्रीयमन्त्रिपरिषद्कोबैठकपछि पत्रकारसँगको कुराकानीका क्रममा केन्द्रीय मन्त्री प्रकाश जवादेकरले दोस्रो चरणको खोप अभियानका बारेमा बुधबार जानकारी दिनुभएको हो । सरकारी स्वास्थ्य संस्थामा खोप लगाउनेलाई निःशुल्क खोप लगाउने व्यवस्था गरिए पनि निजी स्वास्थ्य संस्थामा खोप लगाउनेले भने आफैँले रकम तिर्नुपर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो ।